# लक्ष्य होल्डिङ्स लिमिटेडको
# तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना
## प्रथम पटक प्रकाशित मिति : २०८१/०८/१३

यस कम्पनीको मिति २०८१/०७/२८ गते बुधबार बसेको सञ्चालक समितिको ४१औँ बैठकको निर्णय अनुसार कम्पनीको तेस्रो वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि २०८१/०९/०६ गते शनिबार बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**
मिति : २०८१ साल पुस ०६ गते, शनिबार (तदनुसार २१ डिसेम्बर २०२४)
स्थान : ललितपुर पार्टी प्यालेस, सातदोबाटो, ललितपुर
समय : दिउँसो १:०० बजे देखि ।

**छलफल तथा निर्णयका लागि निर्धारित प्रस्तावहरु :**
(१) आ.व. २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
(२) लेखा परिक्षण प्रतिवेदन सहितको असार ३१, २०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु छलफल गरि स्वीकृत गर्ने ।
(३) आ.व. २०८१/०८२ को लागि लेखा परिक्षक नियुक्ति तथा निजको परिश्रमिक निर्धारण गर्ने ।
(४) विशेष प्रस्तावः- आ.व. २०८०/०८१ को मुनाफाबाट ५ प्रतिशत बोनस शेयर र कर प्रयोजनार्थ ०.२५ प्रतिशत समेत वितरण गर्ने सम्बन्धमा ।
(५) विशेष प्रस्तावः- कम्पनीको ठेगाना परिवर्तन र कार्यकारी अध्यक्षको प्रावधान थप गरी प्रबन्धपत्र र नियामावली संशोधन गर्ने ।
(६) विशेष प्रस्तावः- कम्पनीको स्वतन्त्र संचालक नियुक्ति गर्ने सम्बन्धमा ।
(७) विविध ।

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१) २०८१ पुस ०५ गते सम्म श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट शेयर लगत प्रमाणित भै कायम रहेका शेयरधनीहरु मात्र साधारण सभामा उपस्थितिका लागि योग्य हुनेछन् ।

२) प्रोक्सी दिन चाहने शेयरधनी महानुभावहरुले कम्पनीको वेवसाईट www.lakshyaholdings.com मा कम्पनीले शेयरधनीहरुलाई उपलब्ध गराएको १३ अंकको आवेदन नम्बरबाट प्रोक्सी फारम डाउनलोड गरेर सम्पूर्ण सूचनाहरु भरी contact@lakshyaholdings.com मा इमेल वा +९७७-९८०१०२५६२७ मा व्हाट्सएप (WhatsApp) तथा भाइबर (Viber) माध्यमबाट साधारण सभा सुरु हुनुभन्दा २४ घण्टा पहिले अर्थात् मिति २०८१/०९/०४ गते दिँउसो १:०० बजेसम्म ईमेल वा व्हाट्सएप (WhatsApp) तथा भाइबर (Viber) गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु अनिवार्य छ । कुनै कारणबश कुनै शेयरधनीले प्रोक्सी दिई आफै उपस्थित भएमा निजको प्रोक्सी रद्द हुनेछ ।

३) एक भन्दा बढी व्यक्तिहरुको नाममा शेयरदर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयर वालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

४) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी प्रचलित कानुन अनुसार सचिव/कर्मचारी मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव, लक्ष्य होल्डिङ्स लिमिटेड
ललितपुर म.न.पा. वडा नं. १५, सातदोबाटो, ललितपुर, फोन ५४०२७७७
Email: contact@lakshyaholdings.com, URL: www.lakshyaholdings.com

नोटः लाभंशा वितरणको लागि Book Close मिति २०८१/०९/०५ गते तय गरिएको छ ।